

तथ्य पुस्तिका


# खनिज इन्धन अप्रसार संधि अभियान

**खनिज इन्धन प्रयोगको चरणबद्ध न्यूनीकरणको समर्थनका लागि विश्वव्यापी पहल**

THE FOSSIL FUEL NON-PROLIFERATION TREATY

## परिचय


- खनिज इन्धनको अत्याधिक प्रयोगका कारण विश्वव्यापी रूपमा जलवायु संकटको सृजना भएको छ ।
- कोइला, तेल र ग्याँस जस्ता खनिज इन्धनको अत्याधिक उपयोगले गर्दा कार्बनडाइअक्साइड ($CO_2$), मिथेन ($CH_4$), नाइट्रसअक्साइड ($N_2O$) जस्ता हरितगृह ग्याँस उत्सर्जन भइरहेको छ ।
- विश्वव्यापी रूपमा ८० प्रतिशत हरितगृह ग्याँस उत्सर्जन खनिज इन्धनको प्रयोगले गर्दा हुने गर्दछ ।
- सबैभन्दा धेरै हरितगृह ग्याँस उत्सर्जन गर्ने राष्ट्रहरू चीन, संयुक्त राज्य अमेरिका, र युरोपियन संघ हुन् ।
- पेरिस सम्झौताद्वारा लक्षित १.५ डिग्री सेल्सियस तापक्रम वृद्धिलाई सीमित गर्नको लागि संसारभर २०२० देखि २०३० को बीच खनिज इन्धन उत्पादन प्रति वर्ष लगभग ६ प्रतिशतले घटाउन आवश्यक छ । (संयुक्त राष्ट्रसंघको उत्पादन अन्तर प्रतिवेदन, २०२०)
- नेपालको यातायात क्षेत्र पेट्रोल र डिजलमा पूर्णरूपमा निर्भर छ । यातायात क्षेत्र एक्लैले १७४१ कार्बनडाइअक्साइड समान हरितगृह ग्याँस उत्सर्जन गर्दछ । जुन कुल हरितगृह ग्याँस उत्सर्जनको ३७% हो । (तेस्रो राष्ट्रिय संचार प्रतिवेदन, २०१७)
- आर्थिक वर्ष २०१९/२० मा नेपालले १,५००,२७३ किलो लिटर डिजल रु. ८७.३८ अर्ब, ४,५१,०२९ मेट्रिक टन, एल.पी ग्याँस रु. ३०.७३ अर्ब, ५,१२,७१३ किलो लिटर पेट्रोल लागत रु. २८.३७ अर्ब र कोइला लागत रु. ११.२५ अरब बराबरको आयात गरेको छ । (नेपाल विदेश व्यापार साङ्ख्यिकी २०१९/२०)
- विश्वव्यापी रूपमा खनिज इन्धनको उत्खनन् र उपयोग कम गर्नको लागि खनिज इन्धन अप्रसार संधि अभियान सेप्टेम्बर २०२० मा औपचारिक रूपमा शुरू भएको हो ।
- नेपालमा खनिज इन्धनको उपयोग घटाउन खनिज इन्धन अप्रसार संधिको समर्थन आवश्यक छ ।




चित्र: खनिज इन्धनबाट ऊर्जाको शेयर २०१०/११
(स्रोतः तेस्रो राष्ट्रिय संचार प्रतिवेदन, २०१७)

## खनिज इन्धन अप्रसार संधि भनेको के हो ?

खनिज इन्धन अप्रसार संधि, खनिज इन्धनको उत्खनन्, प्रयोग र व्यापार व्यवसायलाई रोकथाम गरी खनिज इन्धन प्रयोगको चरणबद्ध  न्यूनीकरणको समर्थनका लागि विश्वव्यापी पहल हो । जलवायु परिवर्तन मानवको लागि परमाणु हतियार जस्तै  गम्भीर खतरा भएकोले यो अभियानलाई संयुक्त राष्ट्रसंघको आणविक हतियार अप्रसार सम्बन्धी संधिको अवधारणालाई अवलम्बन गर्दै अगाडी बढाइएको छ । जलवायु परिवर्तनको खतरालाई कम गर्नको लागि आणविक हतियार नियन्त्रण  गरे जसरी गम्भीर पहल चाल्नु पर्ने आवश्यकता देखिन्छ । जलवायु परिवर्तन जस्तो विश्वव्यापी संकट समाधानका लागि एक व्यक्ति, शहर वा देशको एक्लो प्रयास मात्र पर्याप्त नहुने भएकाले विश्वव्यापी सहयोग र सहकार्यको आवश्यकता पर्दछ, जसका लागि खनिज इन्धन अप्रसार संधि अभियानको थालनि गरिएको हो । खनिज इन्धन अप्रसार संधिका तीन मुख्य स्तम्भहरु छन् (तलको चित्रः) ।



## उद्देश्यहरु

- विश्वव्यापी अभियानद्वारा खनिज इन्धन आपूर्ति र प्रयोगको मापदण्डहरु परिवर्तन गर्ने,
- खनिज इन्धन कटौतीबाट सिर्जना हुने संक्रमणका लागि उपयुक्त ढाँचा र संयन्त्र तयार गर्ने,
- खनिज इन्धन उत्खनन् र प्रयोगका लागि विश्वव्यापी अभियानमा सहयोग गर्ने,
- खनिज इन्धनको स्थानिय प्रयोगलाई चरणबद्ध अन्त्य गर्नको लागि प्रेरित गर्ने,
- खनिज इन्धनको प्रयोग र उत्खनन्को पारदर्शिता र जबाफदेहीता सुदृढ गर्ने,

खनिज इन्धन अप्रसार संधिको मुख्य लक्ष्य भनेको खनिज इन्धनको उन्मूलन गर्न र ऊर्जाको उपयोग नवीकरणीय ऊर्जामा स्थानान्तरण गर्नका लागि प्रोत्साहित गर्नु हो । यस अभियानको सफलताको निम्ति अन्तर्राष्ट्रिय समर्थन अत्यावश्यक रहेको छ ।

## नेपालमा नवीकरणीय ऊर्जाको स्थिति

नेपालमा नवीकरणीय ऊर्जाको ठूलो सम्भावना रहेको छ । जलविद्युत, सौर्य ऊर्जा र वायु (हावाबाट उत्पादन हुने) ऊर्जा नेपालको प्रमुख नवीकरणीय ऊर्जाका स्रोतहरु हुन् । नेपालमा करीब ३० मेगावट विद्युत, मिनी र माइक्रो हाइड्रोबाट, १५ मेगावाट सौर्य प्रणालीबाट र २० किलोवाट हावाबाट उत्पादन हुन्छ (नवीकरणीय ऊर्जा अनुदान नीति, २०१६) । आर्थिक वर्ष २०१९/२० मा नवीकरणीय ऊर्जाको कुल हिस्सा ७.१% थियो । नेपालमा नवीकरणीय ऊर्जा मुख्यतः खाना पकाउन र बत्ती बाल्ने जस्ता घरेलु प्रयोजनमा उपयोग गरिन्छ । तसर्थ, नवीकरणीय ऊर्जाको प्रविधिहरू अन्य उच्च ऊर्जा माग गर्ने क्षेत्रहरू जस्तै यातायात र उद्योगहरूमा पनि बढाउनु आवश्यक छ । त्यसैले जलवायु परिवर्तनको जोखिम र अन्तर्राष्ट्रिय मुद्दालाई ध्यानमा राखी नवीकरणीय ऊर्जाका स्रोतहरूको योगदान नेपालमा धेरै हदसम्म बढाउनुपर्दछ ।

## ऊर्जा प्रयोग र आपूर्ति, १९९०-२०१४

| | १९९० | १९९९५ | २००० | २००५ | २०१० | २०१४ |
|---|---|---|---|---|---|---|
| कुल प्राथमिक ऊर्जा आपूर्ति | ५७८९ | ६७१२ | ८१०८ | ९१३२ | १०,२११ | ११६९० |
| कोइला | ४९ | ७४ | २५८ | २४८ | ३०३ | ४८४ |
| तेल | २४४ | ५०१ | ७१३ | ७२४ | ९८३ | १३५९ |
| जलस्रोत | ७५ | १०० | १४० | २१६ | २७६ | ३२६ |
| बायोमास | ५४२५ | ६०३९ | ६९८८ | ७९२८ | ७९२८ | ९४०३ |
| कुल ऊर्जा खपत | ५७६१ | ६६६७ | ८०४१ | ९०५० | १०,१०७ | ११५३४ |
| उद्योग | १०६ | १६१ | ३७९ | ३८८ | ४४९ | ६६५ |
| ढुवानी | १११ | २०३ | २७० | २७५ | ६३७ | ८५८ |
| आवासीय | ५४६५ | ६१७० | ७१९९ | ८१२८ | ८७१८ | ९६२४ |
| व्यावसायिक र सार्वजनिक सेवाहरु | ४३ | ६० | ९७ | १६५ | १७१ | २१९ |
| कृषि र वन | ३३ | ६० | ७५ | ७२ | ११८ | १५१ |
| गैर ऊर्जा उपयोग | ४ | ७ | ११ | २० | १० | ८ |

Ktoe- kilotons of equivalent

(स्रोतः नेपाल ऊर्जा क्षेत्र आकलन रणनीति, एडीबी)

## नेपालका लागि खनिज इन्धन अप्रसार संधि किन महत्वपूर्ण छ ?

विश्वको कुल हरितगृह ग्याँस उत्सर्जनमा नेपालको योगदान (०.०६%) रहेता पनि खनिज इन्धन अप्रसार संधि अनुमोदन गर्दा नेपाललाई निम्नलिखित फाइदाहरु हुनेछन्,

- खनिज इन्धन अप्रसार संधि अभियान कार्यान्यनद्वारा खनिज इन्धन प्रयोगलाई न्यूनीकरण गर्न सकिन्छ ।
- खनिज इन्धनको आयात कम गराई व्यापार घाटा न्यूनीकरण गर्नको लागि मद्धत गर्दछ ।
- देशमा उत्पादित स्वच्छ उर्जाको प्रयोगलाई प्रवर्धन गर्दछ ।
- नेपालका शहरहरुको ऊर्जा प्रयोगलाई स्वच्छ ऊर्जामा स्थानान्तरण गराई नमुना शहर बन्ने अवसर प्रदान गर्दछ ।
- नेपालको राष्ट्रिय रुपमा निर्धारित लक्ष्य, २०२० को कार्यान्वयनमा सहयोग गर्दछ ।
- रोजगारीको नयाँ अवसर सिर्जना गर्दछ ।

## सन्दर्भ


- संयुक्त राष्ट्र उत्पादन प्रतिवेदन, २०२० (https://www.unep.org/resources/report/production-gap-2020)
- नवीकरणीय ऊर्जा सब्सिडी नीति, २०७३ नेपाल सरकार जनसंख्या तथा वातावरण मन्त्रालय
- तेस्रो राष्ट्रिय सञ्चार, २०१७, सीडीईएस, त्रिभुवन विश्वविद्यालय,
- https://fossilfueltreaty.org/ (२०२१/०८/०९)
- नेपाल विदेश व्यापार साङ्खिकी, २०२१, भन्सार विभाग, अर्थ मन्त्रालय, नेपाल सरकार ।


**थप जानकारीका लागि**

CLEAN ENERGY NEPAL


प्रगति पथ, ताल्छिखेल, ललितपुर, नेपाल
पोष्ट वक्स २४५८१, काठमाडौं
फोन ०१५५३८६६०
इमेल: info@cen.org
वेबसाइट: www.cen.org.np


**सहयोग**

CANSA
CLIMATE ACTION NETWORK
South Asia

**यो श्रोत सामाग्री स्वच्छ उर्जा नेपालका लागि लालमणी वाग्ले र नविना तिवारीद्वारा तयार पारिएको हो**